# जनप्रियमा न्यायिक प्रशिक्षण

आदर्श समाज

पोखरा, २७ जेठ

पोखरा महानगरका न्यायिक समितिले नागरिक, श्रमिक, विद्यार्थीहरुलाई न्यायिक समितिका बारेमा जानकारी गराउने उद्देश्यले प्रशिक्षण तथा अन्तरक्रिया गरेको छ। पोखरा महानगरपालिकाको न्यायिक समितिको संवैधानिक व्यवस्था, गठन प्रक्रिया र अधिकार क्षेत्रका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको महानगर न्यायिक समितिले जनाएको छ। विभिन्न संघसंस्थाहरुसंग मिलेर कार्यक्रम सञ्चालन गरिहेको छ।

'न्यायिक समितिसँग विद्यार्थी' कार्यक्रम अन्तर्गत आइतबार महानगर न्यायिक समितिको सहयोगमा प्रेस क्लब गण्डकीको आयोजनामा भएको कार्यक्रममा छात्राहरुलाई न्यायिक समितिको बारेमा जानकारी गराइएको छ। स्थानीय सरकारको न्यायपालिकाको रुपमा रहेको न्यायिक समितिको व्यवस्था र



यसले निरुपण गर्ने विवादका विषयमा सचेतना जगाउने उद्देश्यले वार्षिक कार्यक्रममा समावेश गरिएको पोखरा महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले बताइन्।

कार्यक्रमको उद्घाटन गर्दै उपप्रमुख गुरुङले स्थानीय तहका विवाद स्थानीय तहबाटै समाधान गर्ने उद्देश्यले न्यायिक समितिको परिकल्पना संविधानमा गरिएकाले नागरिकलाई यसको बारेमा जानकारी गराउन वार्षिक कार्यक्रममा समावेश गरेर सञ्चालन गरिएको बताइन्। स्थानीय तहमा सिर्जना भएका विवादलाई स्थानीय स्तरमा समाधानका लागि न्यायिक समिति गठन गरिएको उनले बताइन्।

पोखरा महानगरपालिका वडा नम्बर ८ का अध्यक्ष रुद्रनाथ बरालले पोखरा महानगरपालिका न्यायिक समितिले उत्कृष्ट रुपमा न्याय सम्पादनको काम गरिहेको बताउँदै आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा जानकारी गराउँदा नागरिकमा प्रचार हुने बताए। कार्यक्रममा जनप्रिय क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छे, निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्का, प्रेस क्लब गण्डकीका सचिव गौरव त्रिपाठी, कोषाध्यक्ष राजु गिरी लगायतले न्यायिक समितिका बारेमा भनाइ राखेका थिए। कार्यक्रममा न्यायिक समिति सदस्य कालिदास पोखरेलले न्यायिक समितिको गठन प्रक्रिया, न्यायिक समिति सदस्य रजनी परियारले अधिकार क्षेत्र र न्यायिक समितिका मेलमिलाप सहजकर्ता सोम लम्सालले मेलमिलापकर्ता सूचीकृतको प्रक्रिया, आचारण र योग्यताको बारेमा लागि आवश्यक योग्यता बारेमा प्रशिक्षण दिएका थिए। कार्यक्रम प्रेस क्लब गण्डकीका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो।

# बिमा दर्ता सहयोगी आन्दोलित

**नवलपुर, २७ जेठ (आदर्श समाज)-** स्वास्थ्य बिमा बोर्डमार्फत् सञ्चालन हुँदै स्वास्थ्य बिमा कार्यक्रमका बिमा दर्ता सहयोगी आन्दोलित भएका छन्। उनीहरुले जिल्लाभर रहेका ९२ वडाका दर्ता सहयोगीको प्रतिनिधिमूलक सहभागितामा नवपुरका स्वास्थ्य बिमा प्रमुख ध्रुव बोगटीमार्फत् बोर्डका कार्यकारी निर्देशक र बोर्ड अध्यक्षलाई ज्ञापनपत्र पठाएका छन्। ज्ञापनपत्रमा दर्ता सहयोगीले पाउँदै गरेको १० प्रतिशत प्रोत्साहन रकमबाट बढाईं २० प्रतिशत बनाउनुपर्ने, प्रोत्साहन रकममा १५ प्रतिशत कर लगाई दर्ता सहयोगीको मनोबल गिराई निरुत्साहित बनाउने काम भएकाले १५ प्रतिशत करलाई हटाई १ प्रतिशत बनाउने, दर्ता सहयोगीलाई पोसाकको व्यवस्था गरिनुपर्ने, शैक्षिक योग्यता पुगेका र लामो समयसम्म कार्य अनुभव भएका दर्ता सहयोगीलाई प्रक्रियाअनुसार दर्ता अधिकारीमा नियुक्ति गराउने, दर्ता सहयोगीले पाउने प्रोत्साहन रकम समयमै पाउनुपर्ने लगायत माग राखिएका छन्। ज्ञापनपत्रका मागहरू सम्बोधन नभएमा वा बेवास्ता गरिएमा थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने संघर्षका कार्यक्रम घोषणा गर्ने समिति संयोजक होमनाथ पौडेलले बताए।

**आदर्श समाजको**

**ग्राहक दर**

| विवरण | शुल्क |
|---|---|
| वार्षिक | २५००- |
| अर्धवार्षिक | १४००- |

**सेफ्टी टंकी सफा गर्नुपरेमा**

सम्पर्क

०६१-५९१६२१

९८०२८५२७७५

## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं ३३ निवासी मान बहादुर गोदार थापा क्षेत्री समेतको द.नं. ६४३२ मिति २०८१/०२/२५ को तामेली जगाई छुट जग्गा दर्ता नामसारी गरिपाऊँ माग निवेदनमा जिल्लै नुवाकोट स्याङ्जा बर मध्ये पुडीटार गाउँ मौजाका जि.मु बल बहादुर गुरुङ जिम्मा रहेको, जित बहादुर गोदारको नाममा कोदाले दर्ता भएको, सर्वे नापीका समयमा भोटेपोखरी गा.वि.स वडा नं १ को कि.नं ३०२ क्षे.फ. २- ४-२-० र कि.नं. २२१ क्षे.फ. ७-३-२-१ विरहमा मकै अवल जनिएको हस्त बहादुर थापा क्षेत्री र राम बहादुर थापा क्षेत्री (ठेगाना भोटेपोखरी-१ बाबु खाली, बाजे खाली) का नाममा फिल्डबुक भएको, राम बहादुर गोदारबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा हस्त बहादुर थापा क्षेत्री र राम बहादुर थापा क्षेत्रीका हकवाला आफूमात्र भएकाले आफूहरु मान बहादुर गोदार थापा क्षेत्री, जित बहादुर गोदार क्षेत्री, प्रेम बहादुर गोदार, भक्त बहादुर गोदार, पदम बहादुर गोदार र बम बहादुर गोदारका संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरिपाऊँ भनी यस अघि नै निवेदन परि प्रकृयामा रहेकोमा पुनः तामेली जगाई छुट जग्गा दर्ता नामसारी गरिपाऊँ भनी निवेदन प्राप्त भएकाले उक्त जग्गामा यस अघि अन्य कसैले कारबाही चलाएको भएमा वा निजहरुको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाणसहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्वत् २०८१ साल जेठ २५ गते रोज ६ शुभम्

## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकतालाई ऋण कर्जा चुक्ता गर्ने १५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्रीको सूचना

(मिति २०८१/०२/२८ को आर्दश समाज राष्ट्रिय दैनिकमा प्रकाशित)

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले लिएको ऋण कर्जाको चुक्ता भुक्तानी मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सोको वेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा कर्जाको सुरक्षणको रूपमा बैंक समक्ष धतो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलामबिक्री रिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र बागलुङ शाखा कार्यालयमा दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) को बैंकको सम्वन्धीत शाखा कार्यालयमा दिनको ठीक ४:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारण वश तपसिलमा उल्लिखित सम्पत्ति लिलामबिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै ऋणीले कर्जा चुक्ता फछ्र्यौट गरेमा बैंकद्वारा कुनै पनि बखत लिलामीको प्रकृया समाप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| ऋणीको विवरण | लिलाम विक्रीहुने सम्पत्तिको विवरण |
|---|---|
| नाम : आर ए आर फर्निचर उद्योग<br>प्रोपाईटर नाम : अनिता विश्वकर्मा<br>ठेगाना: पोखरा म.न.पा. २६, बुढीबजार, कास्की<br>दर्ता नम्बर : १५०३९/लघु १०८९/०७५/०७६<br>दर्ता मिति : २०७५/१०/२३<br>पान नं. : ६०९२०१९५६<br>दर्ता गरेको कार्यालय: पर्यटन तथा उद्योग कार्यालय कास्की<br>ऋणको प्रकार : व्यावसायिक आवद्यिक कर्जा<br>शाखा कार्यालय : पोखरा | आइते विश्वकर्माको बुहारी बाबुराम बि.कको पत्नी लेखनाथ न.पा-४, कास्की<br>बस्ने (हाल पोखरा म.न.पा. २६, बुढीबजार, कास्की) जमुना वि.कको नाममा कास्की जिल्ला मालपोत कार्यालय, कास्की दर्ता स्रेस्ता कायम रहेको कास्की जिल्ला गा.पा/न.पा. लेखनाथ, वडा नं. ४ स्थित कित्ता नं.: २७०४ क्षेत्रफल: ०-३-०-० (रोपनी), र कित्ता नं.: ७०० क्षेत्रफल: ०-६-१-२ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत। |

**व्यक्तिगत धनजमानी दिनेको विवरण**

| | | |
|---|---|---|
| १) नाम : अनिता विश्वकर्मा<br>ठेगाना : लेखनाथ न.पा-४, कास्की<br>हाल : पोखरा म.न.पा. २६, बुढीबजार, कास्की<br>ना.प्र.नं. : ४६१००२/१५२९<br>जारी मिति : २०६५/०७/०४<br>जारी जिल्ला : कास्की<br>पतिको नाम : राम कुमार विश्वकर्मा<br>ससुराको नाम : बाबुराम विश्वकर्मा | २) नाम : जमुना वि.क<br>ठेगाना : लेखनाथ न.पा-४, कास्की<br>हाल : पोखरा म.न.पा. २६, बुढीबजार, कास्की<br>ना.प्र.नं. : ४६/३/००२/९३५<br>जारी मिति : २०६३/१०/२४<br>जारी जिल्ला : कास्की<br>पतिको नाम : बाबुराम बि.क<br>ससुराको नाम : आइते विश्वकर्मा | ३) नाम : राम कुमार विश्वकर्मा<br>ठेगाना : लेखनाथ न.पा-४, कास्की<br>हाल : पोखरा म.न.पा. २६, बुढीबजार, कास्की<br>ना.प्र.नं.: १०९१०५<br>जारी मिति : २०५७/०६/११<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : बाबुराम विश्वकर्मा<br>बाजेको नाम : आइते विश्वकर्मा |

| ऋणीको विवरण | लिलाम विक्रीहुने सम्पत्तिको विवरण |
|---|---|
| नाम : तेज बिल्डर्स प्रा.लि.<br>अ.प्रा.सञ्चालक : तेजेन्द्र पौडेल<br>ठेगाना : वडा नं २४, कास्की कोट म.न.पा. पोखरा, कास्की<br>दर्ता नम्बर : १९७६२३/०७५/०७६<br>दर्ता मिति : २०७५-०५-१७<br>पान नं. : ६०६६०८५४५<br>दर्ता गरेको कार्यालय : कम्पनी रजिष्ट्ररको कार्यालय<br>ऋणको प्रकार : हायरपर्चेज कर्जा<br>शाखा कार्यालय : पोखरा | ग्रीन डेभलपमेण्ट बैंक लि. को धितो सुरक्षणमा रहको इन्जिन नं. E413CDJH230695, च्यासिस नं. MC2C3ER-C0JH414868 सवारी मोडल नं. 1095 C37 भएको सवारी दर्ता नं ग १ क ४५०७ को VE Commerical Ltd. कम्पनीको गाडी। |

**व्यक्तिगत धनजमानी दिनेको विवरण**

| | |
|---|---|
| १) नाम : तेजेन्द्र पौडेल<br>ठेगाना : कास्कीकोट गा.वि.स. ०२, कास्की<br>हाल : पोखरा म.न.पा. ५, मालेपाटन, कास्की<br>ना.प्र.नं. : ७०७७१<br>जारी मिति : २०५५/०१/३०<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : नन्दलाल पौडेल<br>बाजेको नाम : गोरे पौडेल | २) नाम : हेकेन्द्र पौडेल<br>ठेगाना : कास्कीकोट गा.वि.स. ०२, कास्की<br>हाल : पोखरा म.न.पा. ५, मालेपाटन, कास्की<br>ना.प्र.नं. : ४६१०२२/३९९<br>जारी मिति : २०६५/१२/२७<br>जारी जिल्ला : कास्की<br>बाबुको नाम : नन्दलाल पौडेल<br>बाजेको नाम : गोरे पौडेल |

**लिलामबिक्रीका शर्तहरु**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड तथा शाखा कार्यालयहरु बाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै व्याज दिइने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।
३. बोलपत्रकर्ता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रकर्ता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।
४. शिलबन्दी बोलपत्र मिति २०८१/०३/१० गते दिनको ४:०० बजे भित्रमा बैंकको शाखा कार्यालयमा आईपुग्ने गरि बुझाउनुपर्ने छ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउनु पर्ने छ। गोप्य सिलबन्दी बोलपत्रहरु मिति २०८१/०३/११ गते अर्थात १६ औं दिन दिउसो ४:०० बजे यस बैंकको सम्वन्धीत शाखा कार्यालय बागलुङमा उपस्थित प्रतिनिधिहरु, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सवै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ। यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिन स्वयमले व्यहोर्नु पर्नेछ।
६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वापून: सूचना जारी गरी लिलामी प्रक्रियामा जान सक्नेछ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा नसकेमा धरौटी रकम स्वत : जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भूक्तानी गरिनेछ।
८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ।
९. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड तथा शाखा कार्यालयहरुमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।
१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

केन्द्रीय कार्यालय:
पोखरा-८, न्युरोड कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ दुर्गा भगवती बाटो निर्माण गर्दाको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम**: दुर्गा भगवती बाटो निर्माणयोजना
**उपभोक्ता समितिको नाम**: दुर्गा भगवती बाटो निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत**: रु. ७,७७,७७७.७८।-
**सम्झौता मिति**: २०८०/०९/१८
**योजना सुरु मिति**: २०८०/०९/३०
**योजना सम्पन्न मिति**: २०८१/०२/१६
**बाटोको लम्बाई**: १६५ मिटर
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम** : रु. ७,००,०००।-
**उपभोक्ताबाट** : रु.७७,७७७.७८।-
**जम्मा खर्च**: रु. ७,७७,७७७.७८।-

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष**: प्रेम बहादुर मगर
**सचिव**: मन्जु कुमारी शर्मा पौडल
**कोषाध्यक्ष**: सरस्वती देवकोटा जैसी
**सदस्यहरू**: अमर बहादुर गुरुङ, विष्णु बराल, सगुन कार्की जि.सी गोपाल विश्वकर्मा

**अनुगमन समिति**
**संयोजक**
वडा महिला सदस्य दिलमाया गुरुङ
**सदस्यहरू**
विष्णु बहादुर कार्की
उम बहादुर गुरुङ

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ माछापुच्छ्रे फर्निचर जाने बाटो स्तर उन्नति गर्दाको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम**: माछापुच्छ्रे फर्निचर जाने बाटो स्तर उन्नति योजना
**उपभोक्ता समितिको नाम**: माछापुच्छ्रे फर्निचर जाने बाटो स्तर उन्नति उपभोक्ता समिति
**योजनाको कुल लागत**: रु. ११,७६,०००।-
**सम्झौता मिति**: २०८१/०१/०४
**योजना सुरु मिति**: २०८१/०१/०५
**योजना सम्पन्न मिति**: २०८१/०२/१४
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम** : रु. १,००,०००।-
**उपभोक्ताबाट** : रु.१,७६,०००।-
**जम्मा खर्च**: रु. ११,७६,०००।-

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष**: किशोर कुमार रंजित
**उपाध्यक्ष**: सन्जु गुरुङ
**सचिव**: राजु गुरुङ
**कोषाध्यक्ष**: प्रवीण महर्जन
**सदस्यहरू**: कल्पना गुरुङ, सरीता सापकोटा, सीता दाहाल, कृष्ण दाहाल

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १८ चिसाखोला स्थित शीतलबस्ती शीतलबस्ती सामुदायिक भवन ढलान निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्चबारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम:** शीतलबस्ती सामुदायिक भवन ढलान
**उपभोक्ता समितिको नाम:** सितलवस्ती सामूदायिक भवन ढलान निर्माण समिति
**योजनाको कुल लागत:** रु. ५,५५,५५६।-
**सम्झौता मिति:** २०८०-१२-०७
**योजना सुरु मिति:** २०८०-१२-१५
**योजना सम्पन्न भएको मिति:** २०८१-०२-२७
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम :** रु. ५,००,०००।-
**उपभोक्ता समितिबाट:** रु. ५५,५५६।-
**जम्मा खर्च:** रु. ५,५५,,५५६।-

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष:** वसन्त सुवेदी
**उपाध्यक्ष:** भेषराज सुवेदी
**सचिव:** पूर्ण प्रसाद तिमिल्सिना
**कोषाध्यक्ष:** रेखा पहारी
**सदस्यहरु:** लक्ष्मण सुवेदी, सालिकराम गिरी, देउ बहादुर पुन, महालक्ष्मी अधिकारी, सरिता भारती।

**अनुगमन समिति**
**संयोजक**
होम बहादुर कार्की
**सदस्य:**
मनहरि सुवेदी,
सुमित्रा भण्डारी

## कर्जा चुक्ता गर्न आउनेबारे २१ दिने सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/२१
दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०२/२८

यस सत्यता बचत तथा ऋण सहकारी संस्था लि. का तपशिल बमोजिम ऋण लिई कर्जा कारोवार गर्दै आउनु भएका ऋणीहरुले लिएको कर्जाको तिर्न बुझाउनु पर्ने साँवा, व्याज तथा दै-दस्तुरसमेतको रकम बारम्बार मौखिक तथा लिखित ताकेता गर्दासमेत कर्जा तिर्न बेवास्ता गरी राखेकाले यस सहकारी सस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उलंघन भएको हुँदा कर्जा नियमित तथा चुक्ता भुक्तानी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र तिर्न बुझाउनु पर्ने बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जनासहित तथा अन्य दै-दस्तुर रकम बुझाई कर्जा नियमित/चुक्ता भुक्तानी गर्नुहोला। उक्त अवधिभित्र कर्जा नियमित चुक्ता भुक्तानी नगरेमा यस संस्थालाई कर्जा सुरक्षणवापत लेखिदिएको तपशिलमा उल्लेखित चल अचल सम्पत्ति सहकारी ऐन, २०४८ र प्रचलित ऐन कानुन एवं यस सहकारी संस्थाको ऋण नीतिको नियम अनुसार कानुनी प्रक्रिया अगाडि बढाई धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री व्यवस्था गरी सहकारी संस्थाको लेना रकम असुल उपर गरिने र सोबाट नपुग भएमा कानुन बमोजिम लेखाई दिएको जायजेथा र अन्य घरघरानासमेतबाट बाँकी कर्जाको साँवा, व्याज दै-दस्तुरसमेतको रकम असुल उपर गरिने र आवश्यकता अनुसार कालो सूचिमासमेत राख्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

तपशिल

| ऋणीको नामथर र ठेगाना | व्यक्तिगत जमानत दिनेको नाम, थर र ठेगाना |
|---|---|
| ऋणीको नाम : राधेश्याम श्रेष्ठ<br>ना.प्र.प.नं : ४६१००२/७११९<br>जिल्ला : कास्की<br>जारी मिति : २०६८/१२/१६<br>श्रीमान् वा बुवा : गंगा प्रसाद श्रेष्ठ<br>बाजे वा हजुरबुबा : जगत लाल श्रेष्ठ | नाम : बिष्णु माया श्रेष्ठ<br>ना.प्र.प.नं :९००३२<br>जिल्ला : कास्की<br>जारी मिति : २०५६/०५/२२<br>श्रीमान् : राधेश्याम श्रेष्ठ<br>बाजे : गंगा प्रसाद श्रेष्ठ |
| धितो सुरक्षणको विवरण<br>राधेश्याम श्रेष्ठको नाममा दर्ता सेस्ता कायम रहेको कास्की अर्घौं ०८, हाल पोखरा २६ कि.न. ८५६ क्षेत्रफल ०-०-३-१ र कि. नं. ८५७ क्षेत्रफल ०-२-०-० भएको घर जग्गा। | नाम : प्रकाश श्रेष्ठ<br>ना.प्र.प.नं : ४६/०२/७६/०१३५८<br>जिल्ला : कास्की<br>जारी मिति : २०७६/०५/०९<br>बुवा : राधेश्याम श्रेष्ठ<br>हजुरबुबा : गंगा प्रसाद श्रेष्ठ |

"सहकार्यको सहकारी, सत्यताको चिनारी"

**सत्यता बचत तथा ऋण सहकारी संस्था लि.**
**Satyeta Saving & Credit Co-operative Society Ltd.**
पोखरा महानगरपालिका वडा नं.- २६, विजयपुर, कास्की
फोन: ०६१-४११००२, ४११४०१, ९७६२५६५४६२ Email: satyeta.cooperative@gmail.com

## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं ३३ निवासी प्रेम' बहादुर गोदार समेतको द.नं. ६४३१ मिति २०८१/०२/२५ को तामेली जगाई छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदनमा जिल्लै नुवाकोट स्याङ्जा बर मध्ये पुडीटार गाउँका मुखिया बल बहादुर गुरुङ जिम्मा रहेको, श्याम गोदार थापा क्षेत्रीको नाममा कोदाले दर्ता भएको, सर्वे नापीका समयमा भोटेपोखरी गा.वि.स वडा नं १ को कि.नं २०४ क्षे.फ. १- ०-२-३, कि.न. २१९ क्षे.फ. १-०-०-१, कि.न. २२५ क्षे.फ. १-१-३-३, कि.न. २८२ क्षे.फ. १-०-२-२, कि.न. २९९ क्षे.फ. १-३-०-३ र कि.न. ३१८ क्षे.फ. १-१-२-२ विरहमा मकै अवल जनिएको राम बहादुर थापा क्षेत्री (ठेगाना भोटेपोखरी- १ बाबु खाली, बाजे खाली) का नाममा फिल्डबुक भएको, रां वाहादुर थापा क्षेत्रीबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा साविक जग्गाधनी राम बहादुर थापा क्षेत्रीका हकवाला छोराहरु आफूमात्र भएकाले आफूहरु पदम बहादुर गोदार, जितबहादुर गोदार क्षेत्री, बम बहादुर गोदार, प्रेम बहादुर गोदार र भक्त बहादुर गोदारका नाममा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी यस अघि नै निवेदन परी पक्रियामा रहेकोमा पुनः तामेली जगाई छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी निवेदन प्राप्त भएकाले तिरोका रां वाहादुर थापा क्षेत्री र फिल्ड बुकका राम बहादुर थापा क्षेत्री फरक व्यक्ति भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारबाही चलाएको भएमा वा निजहरुको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्वत् २०८१ साल जेठ २५ गते रोज ६ शुभम्

## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं ३ निवासी विक्रम जीत पालिखे समेतको द.नं. ४७४४ मिति २०८०/१२/२७ को छुट जग्गा दर्ता नामसारी गरिपाऊँ माग निवेदनमा १९९० सालको मोठ लगतमा कास्की जिल्ला साविक पचभैया मौजे १८ नं का जि.मु हरी चरनको नारदत्तको भवदत्त खदाल जिम्मा रहेको मोठ नं ८८२, ८८४, ९०३ र ९०५ मोही नं १३८, कि.नं क्रमश: ५०५, ५०७, ५२६ र ५२८ का लोक मां श्रेष्ठ नेवारको गिरिधारी नाममा लगत कायम रहेको, नापी समयमा शिशुवा-७ कि.नं. ३१९ क्षे.फ ०-१४-१-१, कि.नं ३२४ क्षे.फ १-६-०-२, कि.नं ३३० क्षे.फ ०-१५-३-० र कि.नं १४२ क्षे.फ २-५-२- २ विरहमा धान किसिम दोयम जनिएको, कि.नं. ३०७ क्षे.फ.१-६-२-२ बिरहमा धान किसिम सिम जनिएको, कि.नं. ३०७, ३१९,३२४ र ३३० को जग्गामा अजाव सिं, अमरमान र दिर्घ मान पालिखे (पोखरा - ३) का नाममा फिल्ड बुक भएको र कि.नं.१४२ को जग्गा इन्द्रमान पालिखे पो.न.पा.- ५ को नाममा फिल्डबुक कायम भएको र दीर्घमान पालिखेबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा उक्त जग्गाका हकदार आफुहरु बाहेक अन्य कोही नभएकाले केदारमान पालिखे, ज्ञानेन्द्रमान पालिखे र विक्रम जीत पालिखेका नाममा छुट जग्गा दर्ता नामसारी गरी पाऊँ भनी निवेदन प्राप्त भएकाले लगतमा लोक मां श्रेष्ठ नेवार गिरीधारी,लोक मां नेवार गिरीधारी फरक फरक व्यक्ति भएमा वा यस जग्गा सम्बन्धमा यस अघि अन्य कसैले दर्ता कारवाही चलाएको भएमा वा निवेदकहरुको माग दावी बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा निवेदकहरु बाहेक अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाणसहित उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

इति सम्वत् २०८१ साल जेठ २७ गते रोज १ शुभम्

